# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा ज्योति विकास बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले नेपालगञ्जमा २०७४ साल कार्तिक ८ गते ज्योति विकास बैंक लिमिटेडले राप्तीभेरी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



उक्त अवसरमा गभर्नर डा. नेपालले प्राप्ति पश्चात् बनेको ज्योति विकास बैंक लिमिटेडलाई एकीकृत कारोबारको लागि शुभकामना व्यक्त गर्नुभयो । सो अवसरमा गभर्नर डा. नेपालले विभिन्न अन्तर्राष्ट्रिय निकायहरुले समेत लामो समयदेखि बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि गर्नु उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरिरहेको परिप्रेक्ष्यमा आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले लिएको पूँजी वृद्धिको नीतिले बैंक तथा वित्तीय संस्थाहरुलाई मजबुत बनाएको साथै ठूला परियोजनाहरुमा लगानी गर्न सक्षम समेत बनाएको छ भन्नुभयो ।

वर्तमान युग प्रविधिको भएकोले यसतर्फ बैंक व्यवस्थापन चनाखो रही बैंकमा प्रविधि सम्बन्धी दक्ष र सक्षम व्यक्तिहरूलाई बैंकमा नियुक्त गरेमा भविष्यमा आइपर्ने जोखिम कम हुने कुरा बताउनु भयो ।

बैंक व्यवस्थापनमा सञ्चालकहरू दक्ष र सक्षम व्यक्ति होउन भन्ना खातिर सञ्चालकहरूको योग्यता सम्बन्धी नेपाल राष्ट्र बैंकले लिएको नीति कार्यान्वयनमा रहेको र जसले गर्दा भविष्यमा बैंकको सञ्चालक समितिबाट सृजित जोखिममा न्यूनता आउने बताउनु हुँदै गभर्नर डा. नेपालले बैंकहरुले जनताको निक्षेपको सुरक्षा तथा व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी वहन गरेको हुनाले अन्य व्यापार-व्यवसाय जस्तै नाफामुखी मात्र भई सञ्चालन हुन नमिल्ने बताउनु हुँदै जनताको निक्षेपको संरक्षकको रुपमा सञ्चालित हुनुपर्ने सुझाव समेत दिनुभयो ।

नेपाल सरकारले पूर्वाधारहरूमा सहयोग पुऱ्याएको खण्डमा ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको पहुँच तथा शाखा विस्तार कार्य सहज रूपमा अगाडि बढाउन सकिने कुरा बताउनु भयो ।

सो कार्यक्रममा स्थानीय क्षेत्रका प्रमुख जिल्ला अधिकारी, स्थानीय नियकाका प्रमुख, नेपाल प्रहरीका प्रमुख, स्थानीय व्यापारका प्रतिनिधि र पत्रकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

२०७४ कार्तिक ९, बिहीबार

गभर्नरको कार्यालय